बैठक संख्या: १८।२०८२
बैठक मिति:२०८२।०१।१४दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८२।०१।१४ गते आइतबार दिनको २:०० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शंकरलाल चौधरी | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा थापा | नगर उप प्रमुख | |
| ३ | श्री रामभरोसि रौनियार | का.वा.वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री राम नारायण चौधरी | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री कमल कार्की | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री लेखनाथ वास्तोला | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री शिव शंकर राजधामी | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री बासुदेव माझी | का.वा.वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | श्री घनश्याम चौधरी | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | |
| १३ | श्री सोम कुमारी सुनुवार | कार्यपालिका सदस्य | |
| १४ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री शुशिला ढुंगाना | कार्यपालिका सदस्य | |
| १६ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | |
| १७ | श्री सरिता परियार | कार्यपालिका सदस्य | |
| १८ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | |
| १९ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री प्रमोद कुमार चौधरी | प्रमुख प्रशासकीय अधिकृत | |

बैठक संख्या: ४५। २०८२
बैठक मिति:२०८२।०१।१४दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

| अन्य उपस्थितिः कर्मचारी | | | |
|---|---|---|---|
| १ | श्री प्रदिप कुमार काफले | कानुनि सल्लाहकारमा | |
| २ | श्री प्रबिन साह | सब-इन्जिनीयर | |
| ३ | किरण चौधरी | का.स | किरण |
| ४ | निरज चौधरी | स.क.अ. | |

५. विरेन्द्र सिग्देल - ले.अ. अधिकृत

**<u>प्रस्तावहरु.</u>**

१.प्रस्ताव नं. १ : १५ शैया अस्पताल निर्माण सम्बन्धमा।

२.प्रस्ताव नं. २ : विविध।

**निर्णयहरु**

**निर्णय नं.१**

प्रस्ताव नं. १ माथि छलफल गर्दा जिल्ला सुनसरी रामधुनी नगरपालिका वडा नं. ६ स्थित बक्लौरी स्वास्थ्य चौकीलाई स्तरोनती गरि १५ शैयाको अस्पताल मिति २०८०/०३/१० सम्ममा निर्माण कार्य सम्पन्न गरि सक्ने गरि रामधुनी नगरपालिका र भुमी-बुद्ध-ओम बुद्ध जे.भी. बीच मिति २०७८/०७/०१ मा ठेक्का नं. RMY/NCB/BUILDING/07-077-078 Construction of Primary Hospital (15-Bed) At Ramdhuni ward 6 को सम्झौता भएको, सम्झौताको शर्त बिपरित निर्माण कार्य सम्पन्न नगरेकोले जे.भी सँगको सम्झौता २०८०/०९/२७ मा रामधुनी नगरपालिका नगरकार्यपालिकाको निर्णयले अन्त्य गरेको , सो निर्णयको विषयमा विवादलाई मध्यस्थ मार्फत समाधान गर्न जे.भी ले नेपाल मध्यस्थ परिसद (नेप्का) समक्ष दावी पेश गरेको, विवाद समाधानको कारवाहीको क्रममा सम्मानित मध्यस्थ ट्राईबुनलले विवादलाई मेलमिलापमा पठाएकोले रामधुनी नगरपालिकाको हितलाई कायम राख्दै विवादलाई मेलमिलापको मध्यमबाट मिलापत्र गरि समाधान गर्नको लागि रामधुनी नगरपालिकाका नगरप्रमुख श्री शंकर लाल चौधरीलाई मिलापत्र सँग सम्बन्धित सबै कार्य गर्नको लागि अख्तियारी दिने सर्वसम्मत रुपमा निर्णय गरियो ।

बैठक संख्या: [illegible]/२०८२
बैठक मिति:२०८२।०१।१४दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं.२(क)**

प्रस्ताव नं.२(क) माथि छलफल गर्दा यस रामधुनी नगर पालिकाको कानुनि सल्लाहकारमा २०८२ असाढ मसान्त सम्मको लागि मिति २०८१/१०/०१ गते देखि लागु हुने गरि सम्झौता उल्लेखित सर्तबन्देजको अधिनमा रहने गरि अधिवक्ता प्रदीप कुमार काफले लाई सेवा करारमा काम काज गर्ने गराउने गरि सर्वसम्मत रुपमा निर्णय गरियो ।

**निर्णय नं.२(ख)**

प्रस्ताव नं. २(ख) माथि छलफल गर्दा रामधुनी नगरपालिका वडा नं. ३ स्थित परियारपुर चौक देखि पश्चिम खेल मैदान जाने बाटोमा कल्भर्ट निर्माण कार्यको लागि रु.४६,८८०.८४ अक्षरेपी छयालिस हजार आठ सय असि रुपैया चौरासी पैसा मात्र सम्पुरक कोषबाट उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २(ग)**

प्रस्ताव नं. २(ग) माथि छलफल गर्दा रामधुनी नगरपालिका वडा नं.७ स्थित इमानसिंह चेम्जोङ पार्क भित्र मन्दिर निर्माणको लागी आ.व. २०८१/०८२ को सभावाट रु ३ लाख विनियोजन भएकोमा उक्त योजना संसोधन गरी रा.स.ताल भित्र रहेको जय सम्भु शिवालय मन्दिर निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. २(घ)**

प्रस्ताव नं.२(घ) माथी छलफल गर्दा रामधुनी नगरपालिकाको १७ औ नगर सभा बाट आ.व.२०८१/०८२ को लागि झुम्का वजारमा म्याजिक,टयाम्पो,सिटि स्टेन निर्माण को लागि रकम रु.९,९५,०००/- (अक्षरेपी रुपैया नौ लाख पन्चानब्वे हजार मात्र) बिनियोजन भएकोमा उक्त योजना संसोधन गरी रामधुनी नगरपालिका मुख्य कार्यालयमा पार्किङ्ग निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. २(ङ)**

प्रस्ताव नं.२(ङ) माथी छलफल गर्दा रामधुनी नगरपालिका वडा नं. ९ स्थित डुम्राहा दक्षिण पुतोधारा खोला कटान नियन्त्रण गर्ने कार्यको लागि रु.१,००,०००/- (अक्षरेपी रुपैया एक लाख मात्र) विपद्व्यवस्थापन शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner

बैठक संख्या:३७।२०८२
बैठक मिति:२०८२।०१।१४दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

<u>निर्णय नं. २(च)</u>

प्रस्ताव नं.२(च) माथी छलफल गर्दा रामधुनी नगरपालिका वडा नं. ५ स्थित त्रिलोक मार्ग स्तरोन्नती संगम टोल निर्माण कार्यको लागि थप रकम रु.१,९०,०००/- (अक्षरेपी रुपैया एक लाख नब्बे हजार मात्र) मर्मत सम्भार शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।